# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड
NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बनेपा-१०, काभ्रेपलाञ्चोक

प.स.०८२/८३ मिति : २०८२/०९/०८
च.न. १४२२
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

**विषय : बाह्रौं बार्षिक साधारण सभाको सूचना तथा शेयर दाखिल खारिज (Book Close) सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०९/०८ गते मंगलवारको दिन बसेको सञ्चालक समितिको १९७ औं बैठकबाट संस्थाको बाह्रौं वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते (तदनुसार, १४ जनवरी २०२६) बुधवारको दिन गर्ने निर्णण भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, उक्त वार्षिक साधारण सभा हुने बारे मिति २०८२/०९/०९ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचनाको छाँया प्रति यसै पत्रसाथ संलग्न गरि पठाईएको ब्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

त्यसैगरी, संस्थाको मिति २०८२/०९/३० गते हुन गइरहेको बाह्रौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/२२ देखि २०८२/०९ /३० गते सम्म शेयरधनी दाखिल खारेज बन्द गरिने ब्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**तपसिल:**

| | |
|---|---|
| बोनश शेयर: | १४.२५ प्रतिशत |
| नगद लाभाश प्रतिशत: | ०.७५ प्रतिशत |
| हकप्रद शेयर प्रतिशत: | नरहेको । |
| शेयर दाखिल खारेज मिति: | २०८२/०९/२२ गते । |
| हालको चुक्ता पुजी | रु.१ अर्व ३३ करोड १६ लाख ८ हजार ५ सय २६ रुपैंया र पैसा २४ मात्र । |
| बार्षिक साधारण सभाको मिति: | २०८२/०९/३० गते, बुधवार । |

**बोधार्थ**

१. श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार, काठमाडौ ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सूपरिवेक्षण विभाग,बालुवाटार, काठमाडौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिलिमेड, पुललिसडक, काठमाडौ ।

भवदीय,

...........................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव

# नेशनल लघुवित्त वित्तीय संस्था लि.

## NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक

Website : www.nationalmicrofinance.com.np

## बाह्रौं वार्षिक साधारण सभाको सूचना

यस वित्तीय संस्थाको मिति २०८२/०९/०८ गते मंगलवार बसेको सञ्चालक समितिको १९७ औं बैठकको निर्णय अनुसार यस संस्थाको बाह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति:** २०८२/०९/३० गते बुधवार (तदनुसार १४ जनवरी २०२६)

**समय:** विहान ११:०० बजे ।

**स्थान:** अरनिको पार्टी प्यालेस, बनेपा नगरपालिका वडा नं. ५ भिमसेनमार्ग, काभ्रेपलाञ्चोक ।

**छलफलको विषय सूची :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (यस अघि नियुक्त लेखापरीक्षक पुनः नियुक्तिको लागि ग्राह्य हुनुहुन्न)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैया र पैसा चौबीस मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.९९,८७,०६३।९५ (अक्षरेपि उनान्सय लाख सतासी हजार त्रिसट्ठी रुपैया र पैसा पन्चानब्बे मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. आ.व.२०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैया र पैसा चौबीस मात्र) को १४.२५ (चौध दशमलव दुई पाँच) प्रतिशतले हुन आउने रु.१८,९७,५४,२१४।९९ (अक्षरेपि अठार करोड सन्तानब्बे लाख चौवन्न हजार दुई सय चौध रुपैया र पैसा उनान्सय मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,५२,१३,६२,७४१।२३ (अक्षरेपि एक अर्ब बाउन्न करोड तेह्र लाख बैसट्ठी हजार सात सय एकचालीस रुपैया र पैसा तेइस मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमशः ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अघिको वार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८१/८२ को बोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुँजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात कायम गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको ८,७४,४४३.९५ (आठ लाख चौहत्तर हजार चार सय त्रिचालीस दशमलव नौ पाँच) कित्ता साधारण शेयर सम्बन्धित निकायहरुबाट स्वीकृति लिई प्रिमियममा थप सार्वजनिकय निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको संस्थापक र सर्वसाधारण समूहको शेयर संरचना ७०:३० को अनुपात कायम गर्नको लागि सर्वसाधारण समूहतर्फ कमी रहेको शेयर थप सार्वजनिक निष्काशन (FPO) को माध्यमबाट जारी गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति भएपश्चात् थप सार्वजनिक निष्काशन (FPO) जारी गरी तथा आ.व.२०८१/८२ को बोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पुंजी मध्येबाट संस्थापक समूह तर्फको १० प्रतिशत शेयर नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिइ सर्वसाधारण समूहको शेयरमा परिणत (Conversion) गर्ने ।

४. संस्थाको प्रबन्धपत्रको दफा ६(क), दफा ६ (ख) र दफा ६(ग) तथा नियमावलीको नियम ३२ (१) (ख) (अ) मा आवश्यक संशोधन गर्ने । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट फेरबदल गर्न निर्देशन भएमा सो मा थपघट, परिमार्जन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारी:**

१. यस साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनको लागि संस्थाको शेयर दर्ता किताब मिति २०८२/०९/२२ गते देखि २०८२/०९/३० गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/२१ गतेसम्म कारोबार भइ प्रचलित कानून बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि. लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको बाह्रौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको जानकारीको लागि संस्थाको वेभसाइट www.nationalmicrofinance.com.np मा राखिएको जानकारी गराउदै संस्थाको केन्द्रीय कार्यालय बनेपा १० काभ्रेपलाञ्चोक वा शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि.बाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ ।

३ सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्न चाहनुहुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ । सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधी बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधीभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

४. नाबालक तथा विक्षिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन पाउने छ ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ ।

६. शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहानको १०:३० बजेबाट खुला रहने छ ।

७. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बनेपा १० काभ्रेपलाञ्चोकमा सम्पर्क गर्नुहुन वा यस संस्थाको माथि उल्लेखित वेवसाइटमा हेर्नुहुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव